# प्रभाव दैनिक
National Daily



अनलाइन माध्यमबाट भुक्तानी वा रकम स्थानान्तरण गर्दा सम्भव भएसम्म सार्वजनिक स्थानका निःशुल्क वाईवाई प्रयोग नगरौँ ।
अनलाइन भुक्तानी गर्दा प्रयोग हुने ओटिपि/पासवर्ड अरूलाई सेयर नगरौँ ।
*सुरक्षित रूपमा वित्तीय कारोबार गरौँ ।*
नेपाल सरकार
विज्ञापन बोर्ड



वर्ष १० अंक २५८ काठमाडौं बुधबार, ३ माघ २०८० Prabhab National Daily Wednesday, January 17, 2024 www.prabhabonline.com पृष्ठ ८ मूल्य रू. ५।–


प्रधानमन्त्री कार्यालयको पुनर्संरचना

## सुरूआत सचिवालय कटौतीबाट

- प्रधानमन्त्रीका प्रेस संयोजकसमेत रहेका सूर्यकिरण केही समयअघि प्रधानमन्त्री कार्यालयबाट अमेरिका पुगिसकेका छन् । उनीसहित १३ जनालाई सचिवालयबाट कटौती गरिएको छ ।
- प्रधानमन्त्रीको सचिवालयमा ५२ जनाको दरबन्दी रहेको छ । जसमध्ये प्रधानमन्त्रीले ३५ जनालाई सचिवालयमा नियुक्ति दिएका थिए ।
- प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका ६८ कर्मचारी यही साता हटाउने तयारी दाहालले थालेका छन् ।




**यी हुन् कटौतीमा परेका १३ जना**

| नाम | पद |
|---|---|
| नारायणप्रसाद ढुंगाना | स्वकीय सहसचिव |
| रमेशप्रसाद गुरागाईं | स्वकीय उपसचिव |
| ओमकुमारी पौडेल | स्वकीय उपसचिव |
| सावित्रीकुमारी अधिकारी | स्वकीय उपसचिव |
| कलबहादुर नाथ | स्वकीय उपसचिव |
| लाले कुमाल | स्वकीय शाखा अधिकृत |
| युवराज शाह | प्रशासन सहायक |
| रामलाल पराजुली | प्रशासन सहायक |
| वासुदेव शर्मा | कम्प्युटर सहायक |
| खडक योगी | कम्प्युटर सहायक |
| अविनाश वाइबा | कार्यालय सहायक |
| रमेशप्रसाद घिमिरे | हलुका सवारी चालक |
| पवित्रबहादुर शाही | हलुका सवारी चालक |

**■ प्रभाव संवाददाता**

**काठमाडौं–** प्रधानमन्त्री पुष्पकमल दाहालले प्रधानमन्त्री कार्यालयको पुनर्संरचना आफ्नो सचिवालय सदस्य कटौती गरेर सुरु गरेका छन् । मंगलबार प्रधानमन्त्री दाहालले आफ्नो सचिवालयबाट १३ जनालाई हटाएसँगै पुनर्संरचना सुरु भएको प्रधानमन्त्रीको कार्यालयले जनाएको छ ।

प्रधानमन्त्री कार्यालयलाई चुस्त बनाउन आफैंबाट सुरु गर्ने वाचा दाहालले यसअघि गरेका थिए । सोही वाचास्वरूप उनले आफ्नो सचिवालय सदस्य कटाएका हुन् । उनीहरूलाई माघ १ गतेदेखि लागू हुनेगरी हटाइएको प्रधानमन्त्रीका प्रमुख स्वकीय सचिव सन्तकुमार दरैले बताएका छन् ।

प्रधानमन्त्रीको सचिवालयले स्वकीय सहसचिव रहेका नारायणप्रसाद (सूर्यकिरण) ढुंगाना र स्वकीय उपसचिव रमेशप्रसाद गुरागाईंलाई बिदा गरेको छ । प्रधानमन्त्रीका प्रेस संयोजकसमेत रहेका सूर्यकिरण केही समयअघि प्रधानमन्त्री कार्यालयबाट अमेरिका पुगिसकेका छन् । त्यस्तै स्वकीय उपसचिव ओमकुमारी पौडेल, स्वकीय उपसचिवकै भूमिकामा रहेकी सावित्रीकुमारी अधिकारीलाई पनि हटाइएको छ । स्वकीय उपसचिव कलबहादुर नाथ, स्वकीय शाखा अधिकृत लाले कुमाल, प्रशासन सहायक युवराज शाह पनि हटाइएका छन् ।

यसैगरी प्रशासन सहायक रामलाल पराजुली, कम्प्युटर सहायक वासुदेव शर्मा, कम्प्युटर सहायक खडक योगी, कार्यालय सहायक अविनाश वाइबा, हलुका सवारी चालकद्वय रमेशप्रसाद घिमिरे र पवित्रबहादुर शाहीलाई बिदा गरिएको छ ।


(क्रमशः पृष्ठ २ मा)


# सामूहिक बलात्कारको ग्राफ डरलाग्दो

- पुस २७ गते काभ्रेमा, पुसकै २५ गते उदयपुरमा र गत भदौ-असोजमा १४ वर्षीया बालिकाको मुगुमा सामूहिक बलात्कार
- सामूहिक बलात्कार घटनामा चिनेजानेका बढी संलग्न
- बलात्कार घटनामा हरेक दिन कम्तीमा पाँचजना पक्राउ



**■ जेबी योञ्जन**

**काठमाडौं–** पछिल्ला दिनहरूमा एकपछि अर्को सामूहिक बलात्कारका घटना सार्वजनिक भएका छन् । मुगुमा आइतबार एक बालिकामाथि सरकारी कर्मचारीदेखि प्रहरीसमेत गरी नौ जनाले सामूहिक बलात्कार गरेको सार्वजनिक भयो । मुगुको घटना सेलाउन नपाउँदै मंगलबार काभ्रेमा पनि त्यस्तै घटना भएको सार्वजनिक भयो । उक्त घटना २७ पुसमा भएको खुलेको छ ।

काभ्रेको पाँचखाल नगरपालिका वडा नम्बर ७ शिखरपुरको झाडीमा एक युवतीलाई सामूहिक बलात्कार भएको जिल्ला प्रहरी कार्यालय काभ्रेले जनाएको छ । १९ वर्षीया ती युवतीलाई बलात्कार गरेको आरोपमा सोही ठाउँमा डेरा गरी बस्ने चारजना युवालाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

काभ्रे प्रहरीका प्रमुख भाग्यन्द्र पुरुष ढकालले प्रभावलाई दिएको जानकारीअनुसार पीडित युवतीले दिएको किटानी जाहेरीका आधारमा उनीहरू पक्राउ परेका हुन् । पक्राउ पर्नेमा उदयपुरको ताप्ली गाउँपालिका-८ का २८ वर्षीय धिरज हमाल, भोजपुरको



**कुबेर कडायत**
**प्रवक्ता, नेपाल प्रहरी**

घटनाहरूको अनुसन्धान गर्दा सामूहिक बलात्कारमा चिनेजानेकाहरु हुन्छन् । आफन्त, घरपरिवारका सदस्य हुँदैनन् । केही घटनामा नचिनेका मान्छे पनि देखिएका छन् ।

षडानन्द गाउँपालिका वडा-८ का घनश्याम श्रेष्ठ, धनकुटाको महालक्ष्मी नगरपालिका-४ का १९ वर्षका अमर विक र सोही स्थानमा काम गरी बस्ने १७ वर्षीय किशोर छन् ।

बलात्कारपछि विक्षिप्त युवतीले आत्महत्या प्रयाससमेत गरेको खुलेको छ । स्थानीयको सहयोगमा उनलाई पाँचखाल प्रहरी चौकीले उद्धार गरेको र त्यसपछि युवतीले आफू बलात्कारमा परेको घटना सार्वजनिक गरेकी थिइन् । पक्राउ परेकाहरूविरुद्ध प्रहरीले सात दिनको म्याद थपेर अनुसन्धान गरिरहेको छ ।

सोमबार मुगुमा १४ वर्षीया एक बालिका बलात्कृत भएको घटना बाहिरिएको थियो । जिल्ला प्रहरी कार्यालयमा पीडित बालिकाले आफूमाथि छ बालक र तीन युवक गरी नौ जनाले बलात्कार गरेको किटानी जाहेरी दर्ता गराएपछि घटना बाहिरिएको हो ।

बालिकाले दर्ता गराएको जाहेरीमा प्रहरीदेखि सरकारी कर्मचारीसम्मले आफूमाथि सामूहिक बलात्कार गरेको आरोप लगाएकी छन् । जाहेरीपछि मुगु प्रहरीले छायाँनाथ रारा नगरपालिकामा कार्यरत नगर प्रहरी छायानाथ नगरपालिका-५, कार्कीवाडाका ३० वर्षीय वसन्तबहादुर कार्की, कृषि विकास कार्यालय गमगढीका कार्यालय सहयोगी २२ वर्षीय वसन्त रोकाया र तीन बालक गरी पाँचजनालाई पक्राउ गरेर अनुसन्धान अगाडि बढाएको छ ।


(क्रमशः पृष्ठ २ मा)


### तीन महिनासम्म बलात्कार !

सुर्खेतकी एक बालिकालाई जरुरी काम छ भनेर बोलाई उनलाई २८ वर्षीय नगेन्द्रबहादुर रावलले तीन महिनासम्म बलात्कार गरेको घटना आरोपमा एउटा मुद्दा जिल्ला अदालत सुर्खेतमा मंगलबार दायर भएको छ । जिल्ला सरकारी वकिल कार्यालय सुर्खेतले दायर गरेको मुद्दामा ती युवकले मोटरसाइकलमा लगेर डरत्रास देखाएर बलात्कार गरेको बालिकाको बयान छ ।

तर, आरोपी रावलले भने ती बालिका र आफूबीच प्रेम सम्बन्ध रहँदा आपसी सहमतिमा यौनसम्बन्ध राखेको बताएका छन् । उनले बलात्कार गरेको भने बयानमा अस्वीकार गरेका छन् । सहमतिमै तीन दिन यौनसम्बन्ध राखेको दाबी गरेका छन् ।

जिल्ला सहायक न्यायाधिवक्ता मीराकुमारी गौतमले भने बलात्कार घटनामा रावललाई १० देखि १२ वर्षसम्मको कैद सजायसहितको मागदाबी गरेकी छन् । रावललाई पाँच लाख रूपैयाँ जरिवाना गराएर उक्त रकम पीडितलाई दिलाउन पनि माग गरेकी छन् ।

**सन्दर्भः वैदेशिक रोजगार**

# कोरियाली भाषा परीक्षाको मिति सऱ्यो

**■ प्रभाव संवाददाता**

**काठमाडौं–** रोजगारीका लागि दक्षिण कोरिया पठाउन लिइने रोजगार अनुमति प्रणाली (इपिएस) भाषा परीक्षाको मिति सरेको छ । यही माघ ६ गतेदेखि परीक्षा गर्ने गरी परीक्षा तालिका सार्वजनिक गर्ने यसअघि बताइएको थियो । प्राविधिक कठिनाइ र पूर्वतयारी नपुगेका कारण परीक्षा मिति सारिएको वैदेशिक रोजगार विभागले जनाएको छ ।

इपिएस प्रणालीमार्फत कोरियाको उत्पादनमूलक क्षेत्रमा रोजगारीका लागि जान एक लाख ६४ हजार ७१६ जनाको आवेदन परेको छ । यति ठूलो संख्यामा आवेदन आएका कारण प्राविधिक रूपमा तयारी नपुगेको विभागको भनाइ छ । 'यसअघि एचआरडी सर्भिस कोरियाका अधिकारीहरूसँग छलफल हुँदा जनावरी २० (माघ ६ गते) देखि भाषा परीक्षा सञ्चालन गर्ने विषयमा निर्णय भएको थियो,' विभागका महानिर्देशक डण्डुराज घिमिरेले भने, 'तर ठूलो संख्यामा आवेदन परेकाले एचआरडी कोरियाको प्राविधिक प्रणालीमा परिमार्जन गर्नुपर्ने देखिएका कारण तोकिएको समयमा परीक्षा सञ्चालन गर्न नसकिने जानकारी आएको छ ।'

अब पहिलो चरणमा हुने परीक्षाका लागि फेब्रुअरी ४ अर्थात् माघ २१ गते परीक्षा तालिका सार्वजनिक गर्ने महानिर्देशक घिमिरेले जानकारी दिए । हाल एचआरडी कोरियाको




कम्प्युटर प्रणालीमा पाँच डिजिटको आवेदनमात्रै मान्य हुने व्यवस्था रहेको बताइएको छ । त्यसलाई परिमार्जन गरी छ डिजिटको बनाउन र परीक्षार्थीहरूको विवरण रुजु गर्न समय लाग्ने देखिएकाले परीक्षा यसअघि तोकिएको भन्दा केही ढिलाइ हुने घिमिरेले बताए । साथै, कोरियाले उत्पादनमूलक क्षेत्रका लागि नेपालबाट लैजाने कामदारको कोटासमेत बढाएको छ । यसअघि १५ हजार ८४८ जना श्रमिकको कोटा निर्धारण गरेकोमा पछिल्लो चरणमा भएका द्विपक्षीय संवादमा न्यूनतम २० हजार जना लैजान कोरियाली पक्ष तयार भएको महानिर्देशक घिमिरेले बताए ।

यसअघि हजारको अंकमा आवेदन पर्ने गरे पनि यसपटक लाख नाघेपछि परीक्षालाई व्यवस्थित र पारदर्शी बनाउन एचआरडी कोरियाले पनि प्राविधिक पक्षलाई बढी नै जोड दिएको छ । उसले भाषा परीक्षालाई तीन चरणमा सञ्चालन गर्ने तयारीका साथ काम गरिरहेको छ । एचआरडी कोरियाको तयारीअनुसार नै कार्यतालिका सार्वजनिक हुने र सोहीअनुसार परीक्षा सञ्चालन गरिने वैदेशिक रोजगार विभागअन्तर्गतको इपिएस कोरिया शाखाले जनाएको छ ।

पहिलो चरणमा हुने परीक्षामा ४७ हजार परीक्षार्थी सहभागी हुने छन् । दोस्रो चरणमा ८० हजारलाई सहभागी गराइने शाखाकी निर्देशक मैया कँडेलले बताइन् । बाँकी रहेका ३७ हजार ७४१ जना परीक्षार्थीलाई अन्तिम अर्थात् तेस्रो चरणको परीक्षामा सामेल गराइने उनले जानकारी दिइन् । परीक्षार्थीको संख्या लाख नाघेपछि समयमै भाषा परीक्षा सम्पन्न गर्न दैनिक पाँच सिफ्टमा परीक्षा लिने गरी तयारी भइरहेको पनि उनले बताइन् ।

## चेक रिपब्लिक र माल्टा पठाइदिने भन्दै ठगी गर्ने पक्राउ

**काठमाडौं (प्रस)–** वैदेशिक रोजगारीका लागि विभिन्न मुलुकमा पठाउने बहानामा रकम संकलन गरी ठगी गर्ने दुईजना पक्राउ परेका छन् । चेक रिपब्लिक र माल्टा पठाइदिने भन्दै बेरोजगार युवाहरूसँग रकम संकलन गरी फरार रहेको आरोपमा विकास राई र मायादेवी रानालाई प्रहरीले पक्राउ गरेको हो ।

मोरङको विराटनगर महानगरपालिका-११ घर भई हाल बूढानीलकण्ठ हात्तिगौंडा बस्ने राईले दिवान गिरीसमेतलाई वैदेशिक रोजगारीका लागि चेक रिपब्लिक पठाई एक प्रतिष्ठित कम्पनीमा मासिक एक लाख ८० हजार रूपैयाँ तलब प्राप्त हुने प्रलोभन देखाएर एक लाख ८० हजार रूपैयाँ नै ठगी गरेको प्रहरीले जनाएको छ । पीडितसँग पैसा लिएर सम्पर्कविहीन अवस्थामा रहेका उनलाई खोजतलासको क्रममा कलंकीबाट पक्राउ गरिएको बताइएको छ ।

यसैगरी वैदेशिक रोजगारीमा माल्टा पठाइदिने विश्वास दिलाई दीपकराज कँडेलसमेत विभिन्न व्यक्तिसँग ४३ लाख रूपैयाँ ठगी गरेको आरोपमा नवालपरासीको ३० वर्षिया रानालाई पनि प्रहरीले पक्राउ गरेको छ । उनले पीडितहरूलाई मासिक एक लाख ५० हजार रूपैयाँ तलब हुनेगरी माल्टाको एक प्रतिष्ठित होटलमा काम लगाइदिने भन्दै ठगी गरेको बताइएको छ । उनलाई पीडितहरूबाट रकम लिएर फरार रहेको अवस्थामा स्वयम्भूबाट पक्राउ गरिएको प्रहरीले जनाएको छ ।

पक्राउ परेका दुवै जनालाई थप अनुसन्धान तथा कारबाहीका लागि वैदेशिक रोजगार विभाग पठाइएको काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रहरी उपरीक्षक मिलन केसीले जानकारी दिए ।




## पृष्ठ १ बाट क्रमशः

### सामूहिक बलात्कारको...

बलात्कार घटनामा संलग्न भनिएका कृषि विकास कार्यालय गमगढीकै सवारीचालक जुम्लाको चन्दननाथ नगरपालिका-७ का ३० वर्षीय पदमबहादुर कठायतसहित तीनजना बालक फरार रहेको मुगुका प्रहरी प्रमुख प्रहरी नायब उपरीक्षक वीरेन्द्र थापाले बताए ।

बालिकाका आफन्तकाअनुसार मुगुको छायानाथ रारा नगरपालिकाकी बालिका सदरमुकाम गमगढीस्थित डेरामा बसेर कक्षा ७ मा पढ्दै आएकी थिइन् । पीडित बालिकाले आफूमाथि फरक-फरक समय गरी दुईपटक सामूहिक बलात्कार भएको भन्दै प्रहरीसमक्ष दुईवटा छुट्टा-छुट्टै जाहेरी दर्ता गराएकी छन् ।

घटना भने साढे चार महिनाअघिको भएको खुलेको छ । पेट दुख्ने समस्या देखापरेपछि ती बालिका स्थानीय स्वास्थ्य संस्थामा गएको र त्यहाँ उनको गर्भमा १८ हप्ताको बच्चा रहेको पाइएको थियो । त्यसपछि जिल्ला प्रहरी कार्यालयमा दर्ता गराएको उजुरीमा उल्लिखित परिवर्तित नाम छायानाथ (ढ) ६० ले १६ भदौ बेलुका अन्दाजी ९ बजे कोठामा बोलाएपछि आफू पुगेको बताएकी छन् । त्यहाँ बोलाउने ती बालकसहित छ जनाले पालैपालो बलात्कार गरेको र त्यसैबेला पेटमा गर्भ बसेको दाबी बालिकाले गरेको प्रहरीको भनाइ छ ।

यो घटनापछि १० असोजमा अर्को समूहले आफूलाई सामूहिक करणी गरेको बालिकाको उजुरीमा छ । ३० वर्षीय वसन्तबहादुर कार्कीले आफू बस्ने कोठामा आएर फकाएर एकछिन काम छ भनेर बाहिर बोलाइ अन्ततः तीनजनाले पालैपालो बलात्कार गरेको उजुरीमा उल्लेख छ । हाल बालिकालाई थप उपचारका लागि सुर्खेत पठाइएको छ । उनको स्वास्थ्य अवस्था सामान्य रहेको जनाइएको छ ।

त्यसअघि गत २५ पुसमा उदयपुरमा २० वर्षीया किशोरीलाई तीनजना युवकले बलात्कार गरेको घटना सार्वजनिक भएको थियो । ती तीनैजना पक्राउ परिसकेका छन् । जिल्ला प्रहरी कार्यालय उदयपुरका अनुसार पक्राउ पर्नेमा चौदण्डीगढी नगरपालिका ८ हिलेखोला बस्ने ३० वर्षीय गणेश राई, २७ वर्षीय उमेश मगर र २७ वर्षीय खड्ग मगर रहेका छन् । उनीहरूले ती किशोरीलाई ललाइफकाई सोही ठाउँस्थित जंगलमा लगेर बलात्कार गरेको भन्ने उजुरीको आधारमा इलाका प्रहरी कार्यालय बेल्टारबाट खटिएको प्रहरीले उनीहरूलाई पक्राउ गरेको हो ।

नेपाल प्रहरीका प्रवक्ता कुबेर कडायतका अनुसार सामूहिक बलात्कारका घटनामा अधिकांश चिनेजानेकाहरू संलग्न हुन्छन् । 'घटनाहरूको अनुसन्धान गर्दा सामूहिक बलात्कारमा चिनेजानेकाहरू हुन्छन् । आफन्त, घरपरिवारका सदस्य हुँदैनन् । केही घटनामा नचिनेका मान्छे पनि देखिएका छन्,' उनले प्रभावसँग भने ।

प्रहरीको तथ्यांकले हरेक दिन बलात्कार घटनामा कम्तीमा पाँचजना आरोपी पक्राउ पर्छन् । पछिल्ला पाँच वर्षमा १० हजारभन्दा बढी बलात्कारकै आरोपमा पक्राउ परेको प्रहरीको तथ्यांक छ ।

बलात्कृत हुनेमा नाबालिकादेखि वृद्धासम्म छन् । बलात्कार आरोपमा चालु आर्थिक वर्ष २०८०/८१ को हालसम्म एक हजार ८०० भन्दा बढीमाथि मुद्दा चलाइएको छ । एक हजार ८५३ जना बलात्कारको आरोपमा पक्राउ परिसकेका छन् ।

### सुरुआत सचिवालय...

प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा रहेका कर्मचारी कटौती गर्नेसँगै उनले आफ्नो सचिवालय पनि सानो आकारको बनाउने बताएका थिए । त्यसअनुसार सचिवालयका १३ जना कर्मचारी कटौतीमा परेका हुन् । प्रधानमन्त्रीको सचिवालयमा ५२ जनाको दरबन्दी रहेको छ । जसमध्ये प्रधानमन्त्रीले ३५ जनालाई सचिवालयमा नियुक्ति दिएका थिए ।

### ६८ कर्मचारी पनि हटाइँदै

प्रधानमन्त्री दाहालले प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका ६८ कर्मचारी हटाउनेसमेत बताएका थिए । 'यही साता म प्रधानमन्त्री कार्यालयको संरचनात्मक परिवर्तन गर्दै छु, सिंगो राज्यका लागि त्यो एउटा संकेत र सन्देश हुने छ,' पुस १० गते दाहालले भनेका थिए ।

त्यसको दुई दिनपछि मन्त्रिपरिषद्ले प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको कर्मचारी कटौती गर्ने निर्णय गरेको थियो । 'प्रधानमन्त्री कार्यालयका ६८ जना कर्मचारीको दरबन्दी कटौती भएको छ । प्रधानमन्त्री कार्यालयमा रहनुभएका साथीहरू अब अन्यत्र कामकाजमा जानुहुन्छ । प्रधानमन्त्रीज्यूले एक वर्ष पुगेको अवसरमा जुन सम्बोधन गर्नुभयो त्यो बेलामा प्रधानमन्त्री कार्यालयका पुनर्संरचना गर्छु भन्नुभएको थियो, आज यहाँबाट सुरुआत भयो । हामी विस्तार गरेर जान्छौं,' सरकारकी प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले पुस १२ गते मन्त्रिपरिषद्को निर्णय सुनाउँदै भनेकी थिइन् । तर घोषणाको तीन हप्तासम्म पनि ती ६८ कर्मचारी हटाउन सकेका छैनन् ।

प्रधानमन्त्री कार्यालय प्रशासन शाखाका सचिव गणेश पाण्डेले भने एक-दुई दिनमै कर्मचारी हटाउने गरी प्रधानमन्त्री कार्यालयले तयारी गरिरहेको दाबी गरे । 'हामीले प्रधानमन्त्रीले घोषणा गर्नुभएअनुसार नै कर्मचारी हटाउने तयारी गरिरहेका छौं, एक-दुई दिनमै निर्णय आउँछ,' सचिव पाण्डेले भने । यसका लागि प्रशासन शाखाले तयारी गरिरहेको उनको भनाइ थियो ।

प्रधानमन्त्री कार्यालयमा हाल पाँचजना सचिवको दरबन्दी रहेको छ । प्रधानमन्त्रीका प्रेस सल्लाहकार गोविन्द आचार्यका अनुसार प्रधानमन्त्री कार्यालयबाट दुई सचिवसहित ६८ कर्मचारी बिदा हुँदै छन् । त्यसैगरी ११ जना सहसचिव र उपसचिव २६ जनालाई बिदा गरिँदै छ । हाल प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा मुख्यसचिव डा. वैकुण्ठ अर्याल, सचिवहरू एकनारायण अर्याल, अर्जुनप्रसाद पोखरेल, लीलादेवी गड्तौला, मणिराम गेलाल, डा. गणेशप्रसाद पाण्डेय र खगेन्द्र नेपालसहित २३४ कर्मचारीको दरबन्दी रहेको छ । दरबन्दी ११ जना भए पनि लोकनाथ पौडेल, नारायणप्रसाद भट्ट, नारायणप्रसाद सापकोटा, खोमराज कोइराला, डा. किरण रूपाखेती, ढुण्डीप्रसाद निरौला, दलबहादुर अधिकारी, राजेन्द्र थापा, शिवादेवी दाहाल, बुद्धबहादुर गुरुङ, नमराज घिमिरे, विपिन आचार्य, रेखा दास, हीरामणि शर्मा, संगीता ओझा र अर्जुन भण्डारी छन् गरी १६ जना सहसचिव छन् ।

### ट्रेकिङ गाईड अनुमतिपत्र हरायो

मिति २०८०/०७/२८ गते बालाजुबाट ठमेल भगवती वहाल जाने क्रममा मेरो निम्न व्यहोराको ट्रेकिङ गाईड अनुमतिपत्र हराएको हुँदा भेट्नुहुने महानुभावहरूले नजिकको प्रहरि चौकि अथा निम्न ठेगानामा सम्पर्क गरिदिनु हुन अनुरोध गर्दछु ।

नाम :- **दिपेश बार्निया**
ठेगाना :- **धादिङ**
इजाजत पत्र नं. :- **८८९४**
फोन नं. :- **९८६९१९८७१७**

### मोटरसाइकल हराएको सूचना

मिति २०८०/०९/२३ गते का.म.न.पा १५ स्वयम्भू, मशानघाटमा पार्किङ गरिराखेको अवस्थामा 220 F Pulsar कालो, निलो रंगको मोटरसाइकल दिनको अन्दाजी २:३० बजेको समयमा हराएकोले पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगाना तथा फोन नं. मा सम्पर्क गरिदिनुहोला ।

**धनीको नाम : पेम्बा तामाङ**
**बाइक नं.: बा.प्र.०२-०४५ प ३७६७**
**च्यासिस नं.: MD2A13EX4CMCJ 97231**
**इन्जिन नं. : DKXCMJ 31441**
**ठेगाना: स्वयम्भू, काठमाडौं**
**सम्पर्क: ९८४९१९१११२, ९८४१२१४३१९**

### कम्पनीको नाम परिवर्तन गरिएको सूचना

प्रथम पटक प्रकाशित मिति २०८०/१०/०३

यस कम्पनीको मिति २०८०/०९/२३ मा सम्पन्न बार्षिक साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **मालिका इङ्गलिस स्कूल कैलाली प्रा.लि. (प्रा.लि. नं. २९६८९)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८०/०९/२४ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **सिद्धार्थ विद्या निकेतन कैलाली प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।


## Malaysia मा रोजगार — Walsin Precision Technology Sdn. Bhd.

पुन विज्ञापन । पूर्व स्वीकृती मितिः २०७९/०६/२९ — चलानी नं. ६०१८९४७७ — LTNo. : 273732

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Factory Workers | 02 | साधारण | 1500 | ४२,५११।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा वीमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | भिषा स्ट्याम्पीङ शुल्क कसले व्यहोर्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/प्रिमियम रोजगारदाता कम्पनीले तिर्ने | रोजगारदाता कम्पनीले दिने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रु. १,५००।- कामदार आफैले | रु. ७००।- कामदार आफैले | निःशुल्क |

अन्तरवार्ता २०८० माघ १० गते (24 Jan., 2024) यस प्रा. लि. कार्यालय बसुन्धरा, काठमाडौंमा हुनेछ ।

वैदेशिक रोजगार विभागबाट गराईएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्यरुपमा लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफूसँग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग बुद्धनगर, नयाँबानेश्वरमा सम्पर्क राख्नुहोला ।

**आशिर्वाद ओभरसिज प्रा. लि.**
बसुन्धरा, काठमाडौं, फोन नं. : ४३८४६३०, ४३८४०९४, ४३८५०३८
श्रम ईजाजत न.: १२११/०७३/०७४



## कतारमामा वैदेशिक रोजगारको अवसर

कम्पनी : Easy Line Hospitality and Cleaning

पूर्व स्वीकृति मिति २०८०/१०/०२ — LT. No. 298064 — चलानी नं. ६०२१३०७६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | general cleaner worker | 0 | 4 | 1000 | ३६,५४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौमा मितिः २०८० माघ १० गते (24th Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**All-Solution Employment Service Pvt. Ltd.**
Basundhara-03, Kathmandu Nepal, Ph No: + 01-5903078, 015903079
E-mail : info@allsolution.com.np
श्रम ईजाजत नं. १४५४/०७४/०७५



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : Pusat Roti Cenderawasih

पूर्व स्वीकृति मिति : २०८०/१०/०३ — LT. No. 297946 — चलानी नं. ६०२१३०६८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 6 | 0 | 1500 | ४२,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौमा मितिः २०८० माघ १० गते (24th Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Ever Bright Overseas Pvt.Ltd.**
Sambhu Margal–09 Kathmandu, Nepal, Tel: +977-01-5911758, 5911759, Mob No: +977-9801836213,
Email: everbrightoverseas123@gmail.com, Web: www.everbrightoverseas.com
श्रम इजाजत नं. १४६५/०७४/०७५



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ENGINEERING CARPENTRY FACTORY

पूर्व स्वीकृति मिति २०८०/०९/२९ — LT. No. 297965 — चलानी नं. ६०२१३०५३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenters | 30 | 0 | 110 | ४७,४९० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Helpers/general Labour (Indoor) | 23 | 0 | 90 | ३८,८८५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौमा मितिः २०८० माघ १० गते (24th Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**KANCHAN HUMAN RESOURCES MANAGEMENT PVT. LTD.**
(Nearby International Airport, Next to Hotel Hema) Sinamangal-9, Kathmandu, Nepal
Telephone: 014564708, Mobile: 9851078211, 9851080486
Govt. License 593/062/63



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : HANG FRUIT AND VEG SDN BHD

पूर्व स्वीकृति मिति २०७९/०४/१३ — पुन विज्ञापन स्वीकृति मिति २०८०/१०/०२ — LT. No. 267539 — चलानी नं. ६०१८३४६८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 13 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौमा मितिः २०८० माघ १० गते (24th Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**White Horse International Pvt. Ltd.**
Tinkune, Kathmandu, Nepal, Tel No: 014782040
Govt. License 966/067/68



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : BLACK COFFEE RESTAURANT CO.

पूर्व स्वीकृति मिति २०७९/१२/०८ — पुन विज्ञापन स्वीकृति मिति २०८०/१०/०२ — LT No :283080 — चलानी नं. ६०१९८५७८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | COFFEE MAKER/WAITER | 6 | 6 | 130 | ५६,०५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : LADY LASHES BEAUTY FOR LADIES BEAUTY SALON

पूर्व स्वीकृति मिति २०७९/०९/२६ — पुन विज्ञापन स्वीकृति मिति २०८०/१०/०२ — LT. No. 279247 — चलानी नं.६०१९४८२४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Nail Art/hairdresser/manicurist/pedicurist/salon | 0 | 8 | 150 | ६४,३३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : MISK ARTIST LADIES BEAUTY SALON COMPANY

पूर्व स्वीकृति मिति २०७९/०६/३१ — पुन विज्ञापन स्वीकृति मिति २०८०/१०/०२ — LT No :273948 — चलानी नं. ६०१८९६४०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Nail Art /hair Dersser/manicurist Pedicurist / SA | 0 | 5 | 170 | ७२,९८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

कम्पनी : TAKE YOUR TIME LADIES BEAUTY SALOON.

पूर्व स्वीकृति मिति २०८०/०९/२९ — LT No :297904 — चलानी नं. ६०२१३०५०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Hairdresser/nail Technician/beau/barber/manicure/p | 0 | 7 | 140 | ७२,९८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : RADIANCE BEAUTY SALON FOR LADIES

पूर्व स्वीकृति मिति २०८०/०८/०८ — पुन विज्ञापन स्वीकृति मिति २०८०/१०/०२ — LT No :276062 — चलानी नं. ६०२१३०५०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Clipper and cleaner | 0 | 2 | 140 | ६०,५६२ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | HAIRDRESSER | 0 | 2 | 140 | ६०,५६२ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 3 | MASSAGIST | 0 | 1 | 150 | ६४,८८८ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौमा मितिः २०८० माघ १० गते (24th Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Omega International Pvt. Ltd.**
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337
E-mail : info@omeganepal.com,Website : www.omeganepal.com
Govt. License No. 1352/074/075



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : TALYA BEAUTY SALON WLL

पूर्व स्वीकृति मिति २०८०/०९/२८ — पुन विज्ञापन स्वीकृति मिति २०८०/१०/०२ — LT. No. 297888 — चलानी नं. ६०२१३०३९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Hair Beautician | 0 | 2 | 1700 | ६२,०१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौमा मितिः २०८० माघ १० गते (24th Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Target Consultant Human Resources Pvt. Ltd.**
Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251
FAX:+977-015911251, E-mail: info@targetnepal.com, Web: www.targetnepal.com
श्रम ईजाजत नं.८३३/०६६/०६७



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : TEE & EYU PLANTATION

पूर्व स्वीकृति मिति २०८०/१०/०२ — LT. No. 297911 — चलानी नं. ६०२१३०२८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Harvesting & Post-harvest Workers | 20 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौमा मितिः २०८० माघ १० गते (24th Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कःनिःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**SWIFT H.R. SOLUTION PVT. LTD.**
Samakhusi-26, Kathmandu, Nepal, Phone: +977-1-4952852, 4964820
Fax: 4352852, E-mail : swifthr12@gmail.com Website : swifthrsolution.com
श्रम ईजाजत नं. ११९७/०७३/०७४



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : HOUSE OF HAIR BEAUTY SALOON COMPANY FOR LADIES

पूर्व स्वीकृति मिति २०८०/०४/२३ — पुन विज्ञापन स्वीकृति मिति २०८०/१०/०२ — LT No. 290724 — चलानी नं.६०२०५९२१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beautician | 0 | 10 | 150 | ६४,७६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौमा मितिः २०८० माघ १० गते (24th Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**SUPREME OVERSEAS PVT. LTD.**
Koteshwor-35, Kathmandu, Nepal. Phone: +977-1-4612909, Mob No.: 9851141464 | Fax: 01-4600047
Email: supremeovs301@gmail.com, Web: www.supremeoverseas.com.np
श्रम ईजाजत नं. ३०१/०५९/०६०

# कालापत्थरमा परिणत हुँदै सोलुखुम्बुका हिमाल

**सल्लेरी (सोलुखुम्बु)–** समयमा हिमपात नहुँदा हिमाली जिल्ला सोलुखुम्बुका सेता हिमाल क्रमशः कालो बन्दै गएका छन् । समयमा हिमपात तथा वर्षात् नहुँदा सधैँजसो चाँदीझैँ टलक्क टल्कने सेता हिमाल कालापत्थरमा परिणत हुँदै गएका हुन् ।

बितेका वर्षमा मंसिर महिनामै हिमपात हुने गरेकामा यस वर्ष माघ लागिसक्दासमेत हिउँ पर्ने छाँटकाँट नरहेको स्थानीय सन्तोष मगरले बताए । गत वर्ष पनि ढिला गरी हिमपात भएको थियो भने यस वर्ष पनि माघ लाग्दासमेत हिउँ पर्न नसकेको उनको चिन्ता छ ।

'हिउँ नपर्दा हिमाल कालो हुन थालेको छ भने बालीनाली पनि सुक्न थालेका छन् । यतिबेला हिमाली जिल्लाका खेतबारी र डाँडापाखा सेताम्मे हिउँले ढाकिन्थे,' उनले भने । सदरमुकाम सल्लेरीबाट आँखै अघि देखिने नुम्बुर हिमाल यस वर्ष खासै चहकिलो देखिएको छैन । सधैंजसो हिउँले पूरै भरिने नुम्बुर हिमालमा अहिले पहाडका कालो भाग देखिन थालेको सल्लेरीका एक वृद्ध जाङ्बु शेर्पाले बताए ।

उनले भने, 'हिउँ नपर्दा हिमाल हिमालजस्तो रहेन, डाँडाकाँडा पूरै सुक्खा हुँदै गएर विरक्त लाग्दा देखिएको छ, खै के भएर यस्तो भएको हो, समय फेरिएर हो कि के भएको हो, अचम्म लाग्दो भएको छ ।' सामान्यतया चिसो मौसममा हिमपात हुन्छ । पुसको सुरुआत नै यहाँका लागि हिमपातको मुख्य याम हो तर यस वर्ष तल्लो क्षेत्र मात्र नभई उच्च हिमाली क्षेत्र खुम्बुमासमेत अहिलेसम्म हिमपात भएको हुन सकेको छैन । हिमपात हुने समयमा हिउँ नपर्दा खुम्बुका स्थानीयले समेत अनौठो मानेका छन् ।

सर्वोच्च शिखर सगरमाथासहित ल्होत्से, नुत्से, पुमरी, आमादब्लम, कोङ्देजस्ता चर्चित हिमालमा हिउँको मात्रा कम हुँदै गएको नाम्चेका लामाकाजी शेर्पाको अनुभव छ । 'करिब दुई वर्षअघि पुसको सुरुआतमै दुई फिटसम्म हिमपात भएपछि गाउँदेखि आन्तरिक पर्यटक हिउँमा रमाएका थिए तर गत वर्ष पनि ढिला गरी हिमपात भयो, यस वर्ष पनि माघ लागिसक्दा हिउँ पर्न सकेको छैन,' शेर्पाले सम्झँदै भने ।

मौसममा हिउँ नपर्नु, पानी नपर्नु जलवायु परिवर्तनको मुख्य असर भएको स्थानीयले समेत महसुस गरेका छन् । वनजंगलको तीव्र फँडानी, हानिकारक ग्यासको उत्सर्जनलगायत कारण जलवायुमा परेको असरले वातावरणमा असर पर्न थालेको वातावरणविद् राजन थापाले बताए । उनले भने, 'मानव सिर्जित समस्या प्राकृतिक स्रोतको अत्यधिक दोहन, ऊर्जाको अत्यधिक प्रयोग, बढ्दो औद्योगिकीकरणका साथै डढेलो, भूकम्प, ज्वालामुखीजस्ता प्राकृतिक प्रकोपलगायत कारण भइरहेको जलवायु परिवर्तनले मानवजीवनका हरेक क्षेत्रमा नकारात्मक असर पुऱ्याइरहेको छ ।' *रासस*

---

**स्क्वायर सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लिमिटेड**
**Square Saving & Credit Co-operative Limited**
मखन-२५, काठमाडौं, नेपाल
फोन: ०१-४२३९९११, मोबाइल नं. ९८४९६३५७१२

## कर्जाको साँवा/ब्याज बुझाउन आउने बारेको ३५ दिने अत्यन्त जरुरी सूचना

प्रभाव दैनिकमा प्रकाशित मिति: २०८०/१०/०३ (बुधबार)

यस संस्थाबाट कर्जा लिन हुने तपशिल बमोजिमको ऋणी सदस्यहरुले संस्थाबाट लिएको कजाको साँवा, ब्याज, हर्जना तथा अन्य दै दस्तुर रकम धनी संस्थासँग गरेको शर्त सम्झौता बमोजिम तिर्न बुझाउनु पर्नेमा नतिरी नबुझाई कर्जा सम्बर्न्ध शर्त कबुलियतको उल्लङ्घन गरेको तथा संस्थाले पटक-पटक लिखित मौखिक एवं स्थलगत भेटघाट आदिबाट तरताकेता गर्दा समेत साँवा, ब्याजको रकम भुक्तानी वा नियमित गर्न नआउनु भएकोले यो ३५ दिने अत्यन्त जरुरी सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र यस संस्थामा उपस्थित भई आफूले उपभोग गर्नुभएको कर्जाको साँवा ब्याज, हर्जना तथा अन्य दै-दस्तुर समेत सम्पूर्ण रकम चुक्ता भुक्तान गरी कर्जा फरफारक गर्नु गराउनु होला । तोकिएको समयसम्म पनि उल्लेखित अनुसार हुनेगरी बुझाउन नआएमा कर्जाको सुरक्षणको लागि लेखिदिएको चलअचल सम्पत्ति सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ तथा प्रचलित ऐन कानून बमोजिम ऋणी सदस्य, सोसँग सम्बन्धित अन्य पक्ष र धनी संस्थाबिच भए गरेको शर्त सम्झौता बमोजिम लिलाम बिक्री गरी वा ऋणी सदस्य तथा कर्जाको धनजमानी बस्ने व्यक्ति तथा सम्बन्धित अन्य पक्षहरूलाई प्रचलित कानुन बमोजिम आवश्यक थप कानूनी कारवाही गरी संस्थाको आफ्नो लेना रकम असुलउपर गरी लिने व्यहोरा समेत यसै सूचना मार्फत सम्बन्धित सबैलाई सूचित गरिन्छ ।

**तपशिल**

| ऋणीको नाम | धितोको विवरण |
|---|---|
| नाम: मिनादेवी तुलाधर<br>बुबाको नाम: काजिलाल तुलाधर<br>पतिको नाम: भरतराज तुलाधर<br>ठेगाना: का.जि.का.म.न.पा, वडा नं.१३<br>ना.प्र.न.: ११४६/१९४७/८२८ | नाम: मिनादेवी तुलाधर<br>ठेगाना: का.जि.का.म.न.पा, वडा नं.१३<br>कि.नं.: ५५८ (हाल कि.नं.५८५ कायम रहेको)<br>सिट नं.: ११०३-०८<br>क्षेत्रफल: (०,०२३०.३१) व.मि. जग्गा र सोमा बनेको घरसमेत पूरा |

---

**सुनवर्षी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
डाईनिया, मोरङ्ग
कोशी प्रदेश

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मिति : २०८०।१०।०३**

यस कार्यालयद्वारा मिति २०८०/०७/२० गते रार्ष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना बमोजिम प्राप्त हुन आएको तपशिलमा उल्लेखित न्युनतम मुल्याङ्कित सारभुतरुपमा प्रभावग्राही बोलपत्र सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ उपदफा (२) को प्रयोजनार्थ स्विकृतिको आशयको लागि सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.स. | ठेक्का नं. | बोलपत्रदाताको नाम/ठेगाना | कामको विवरण | कवोल गरेको रकम (मू.अ.कर र पि. एस. बाहेक) |
|---|---|---|---|---|
| १ | SUNMU/ROAD/080/81-07 | Kutumba-DJ J/V, Letang-08, Morang | डाँस खोला नदी नियन्त्रण (कालावन्जर पश्चिम तथा तटबन्दन निर्माण वडा नं १) | १,४७,२९,०७३.००/- |

**प्रमुख प्रशासकिय अधिकृत**

---

**Province Government**
**Ministry of Physical Infrastructure Development**
**Transport Infrastructure Directorate**
**Infrastructure Development Office**
**Panchthar, Phidim**
**Koshi Province, Nepal**

## RE-INVITATION FOR E-BIDS

***Notice No. 04/080/81 (Re)***

**Second Date of Publication: 17th January 2024 (2080/10/03)**

1. Infrastructure Development Office, Panchthar invites electronic bids only from registered Eligible fabricators for supply of fabricated steel parts for Trail Bridges.

| Contract Identification No.: | Description of work | Estimated Amount (Excl. VAT & PS, NRs.) | Bid Security (NRs.) | Bid Document Fee (NRs.) |
|---|---|---|---|---|
| IDO-PAN-SQ-TB-080/81-01 | Procurement & Supply of Fabricated Steel Parts of Trail Bridges in Panchthar & Taplejung District | 17,68,927.22 | 50,000.00 | 1,000.00 |

2. Deadline for Bid Submission and Opening:

| Submission of Bid | | Opening of Bid | | Revenue a/c No: | 27002000001001000001 | Office Code: 3370102011 |
|---|---|---|---|---|---|---|
| Date | Time | Date | Time | Revenue Heading No: | 14229 | Nepal Bank Limited, Phidim |
| 01 February, 2024 (2080/10/18) | 12:00 hours | 01 February, 2024 (2080/10/18) | 13:00 hours | Deposit a/c No: (Dharauti) | 06702000002003000001 | Pra.le.ikai.ka |
| | | | | Name of office | Infrastructure Development Office, Panchthar | |
| | | | | Bank | Nepal Bank Limited, Phidim | |

3. Bid Security period shall be 30 days beyond bid Validity period. Bidder has to submit their bid electronically only. They may download the bidding documents for further information, inspection & e-submission from PPMO's web site ***www.bolpatra.gov.np***
4. If the last date of purchasing, submission and opening falls on a government holiday then the next working day shall be considered as the last day.
5. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason,whatsoever.
6. Matters not covered in this notice shall be treated in accordance with PPA-2063 and PPR-2064 (Latest addendum)

**Office Chief**

---


## कतार/कुवेतमा वैदेशिक रोजगारको अवसर
फ्रि भिषा !! फ्रि टिकट !!

कम्पनी : **MAKEMAKE CONTRACTING WLL**
पूर्व स्वीकृति मिति २०८०/०३/०८ | पुन विज्ञापन स्वीकृति मिति २०८०/१०/०२ | LT. No. 288213 | चलानी नं. ६०२०३५३७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Brick Mason | 5 | 0 | 1200 | ४३,३९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Business Executive | 1 | 0 | 2500 | ९०,४१० | | | | | | | |
| 3 | Human Resource Specialist | 1 | 0 | 4600 | १६६,३६० | | | | | | | |
| 4 | Mason | 5 | 0 | 1200 | ४३,३९५ | | | | | | | |
| 5 | Pipe Fitter | 5 | 0 | 1200 | ४३,३९५ | | | | | | | |
| 6 | Receptionist | 1 | 0 | 2000 | ७२,३३० | | | | | | | |
| 7 | Reinforce Fitter | 8 | 0 | 1200 | ४३,३९५ | | | | | | | |
| 8 | Store Keeper | 2 | 0 | 1900 | ६८,७१५ | | | | | | | |
| 9 | Tilemaker | 3 | 0 | 1200 | ४३,३९५ | | | | | | | |

कम्पनी : **DAR ALABDALI LADIES GARMENTS TAILORING & TEXTILE CO.**
पूर्व स्वीकृति मिति २०७९/०२/१६ | पुन विज्ञापन स्वीकृति मिति २०८०/१०/०२ | LT. No. 263833 | चलानी नं. ६०१७९९५८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cutting Master | 0 | 2 | 300 | १२९,६२५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Helper | 0 | 19 | 140 | ६०,४९० | | | | | | | |
| 3 | Tailor | 0 | 4 | 175 | ७५,१६५ | | | | | | | |

कम्पनी : **GOOD SERVICE GENERAL TRADING CO.**
पूर्व स्वीकृति मिति २०७८/११/१२ | पुन विज्ञापन स्वीकृति मिति २०८०/१०/०२ | LT. No. 258496 | चलानी नं. ६०१७५००५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver Light | 5 | 0 | 140 | ६०,४९० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Foreman | 1 | 0 | 195 | ८४,२५५ | | | | | | | |
| 3 | Helper | 4 | 10 | 110 | ४७,५३० | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० माघ १० गते (24th Jan. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

SOE
श्रम ईजाजत नं. ४९७/०६१/०६२
**Shuvam Overseas Employment Pvt. Ltd.**
Mitranagar-29, New Buspark Kathmandu, Nepal, Tel : +977-1-42160043,
Mobile: 9851073220, 9813462938, 9818425111, 9867835681, 9814470329
E-mail : shuvamoves123@gmail.com, Website : www.shuvamoverseas.com



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **KEE BUILDING MATERIALS & CONTRACTING**
पूर्व स्वीकृति मिति २०८०/०९/२९ | LT. No.298005 | चलानी नं.: ६०२१३०५२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Bleach Worker | 2 | 0 | 1000 | ३६,४८० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Driver | 1 | 0 | 1800 | ६५,६६० | | | | | | | |
| 3 | Weld Technician | 5 | 0 | 1200 | ४३,७७५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० माघ १० गते (24th Jan. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Red Panda International Overseas Pvt. Ltd.**
P.O. Box No. 6546 Tokha-10, Manohar road, Kathmandu, Nepal Phone No: 01-4952910
E-mail : redpandaovs1375@gmail.com, Website : www.redpandaoverseas.com,



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **HAZEM RAFIK MUHAMMED ABDEL QADIR AGRICULTURAL FARM**
पूर्व स्वीकृति मिति : २०८०/०९/२९ | LT. No. 298001 | चलानी नं.: ६०२१३०४५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Fruit and Vegetable Preservation Labour | 2 | 0 | 1000 | ३५,४१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : **EWAN HUMAN RESOURCES COMPANY**
पूर्व स्वीकृति मिति : २०७९/११/०५ | पुन विज्ञापन स्वीकृति मिति २०८०/१०/०२ | LT. No. 281221 | चलानी नं.: ६०१९६७१९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office & Facility Cleaning Labor | 5 | 0 | 1000 | ३५,४१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० माघ १० गते (24th Jan. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**RECENT JOB PLACEMENT PVT. LTD**
श्रम ईजाजत नं. १३१८/७४/७५
Tokha Municipality-05, Basundhara-8, Kathmandu Tel: +977-1-4390467,4355536
Email: recentjobplacement@gmail.com.np, Website: www.recentjobplacement.com



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : **NEW STAR FOOD INDUSTRIES SDN BHD**
पूर्व स्वीकृति मिति: २०८०/०१/१३ | पुन विज्ञापन स्वीकृति मिति २०८०/१०/०२ | LT. No. 285274 | चलानी नं. ६०२००७२९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 50 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० माघ १० गते (24th Jan. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**R. A. International Employment Agency Pvt Ltd**
श्रम ईजाजत नं. १४०४/०७४/०७५
Basundhara-03 Metropolitan City, Kathmandu, Tel: +977-1-4016740, 4016760,4388035, Fax: 4016745
E-mail: rainternational81@gmail.com,Website www.rainternational.net

प्रभाव दैनिक National Daily

सम्पादकीय

# भाषण होइन व्यवहारमा देखाऊ

मुलुकको अर्थतन्त्र संकटमा रहेको कुरा कतै लुकेको छैन । सरकारी तथ्यांक होस् या हरेक क्षेत्रले भोगिरहेका आर्थिक मन्दीको समस्याले त्यसलाई उजागर गरिरहेको छ । अर्थतन्त्रको यो अवस्थामा सुधार ल्याउन सरकारले काम गरेको दाबी गरे पनि नतिजा देखिएको छैन । प्रधानमन्त्री र अर्थमन्त्रीले हरेक दिनको भाषणमा अर्थतन्त्रलाई सुधारको बाटोमा ल्याएको दाबी गर्छन् । तर, उही सरकारको तथ्यांकले उनीहरूको दाबीलाई गलत सावित गरिरहेको छ ।


त्यसो त आर्थिक वर्ष २०८०/८१ को अर्धवार्षिक समीक्षा अवधिमा सरकार आफैं समस्यामा रहेको देखिन्छ । यस अवधिमा सरकारको आम्दानीभन्दा खर्च बढी भएको देखिएको छ । महालेखा नियन्त्रक कार्यालयको तथ्यांकअनुसार पुस मसान्तसम्ममा मुलुकले ४८ अर्ब ४६ करोड ५७ लाख रूपैयाँ बराबर बजेट घाटा व्यहोरेको छ । बजेटको अर्धवार्षिक समीक्षा अवधिमा वार्षिक लक्ष्यको ३५.१९ प्रतिशतमात्र आम्दानी गरेको छ । यस्तै, खर्च पनि वार्षिक लक्ष्यको ३२.३५ प्रतिशतमात्र भएको तथ्यांक छ ।

लक्ष्यअनुसार राजस्व संकलन गर्न असफल सरकारलाई खर्च व्यवस्थापनमा धौधौ परिरहेको छ । त्यही कारण पनि लक्ष्यअनुसार खर्च नभएको हुनसक्छ । चालु आवका लागि सरकारले कूल १४ खर्ब ७२ अर्ब ४८ करोड ४७ लाख रूपैयाँ बराबर राजस्व उठाउने लक्ष्य लिएकोमा पुस मसान्तसम्ममा पाँच खर्ब १८ अर्ब १५ करोड ५६ लाख रूपैयाँ बराबर मात्र असुली भएको तथ्यांक छ । यो वार्षिक लक्ष्यको ३५.१९ प्रतिशत बराबर हो । चालु आवका लागि कूल ४९ अर्ब ९४ करोड ३० लाख रूपैयाँ बराबर वैदेशिक अनुदान लिने लक्ष्य राखिएकामा हालसम्म ५.५२ प्रतिशत अर्थात् दुई अर्ब ७५ करोड ८० लाख रूपैयाँ बराबर वैदेशिक अनुदान लिइएको छ ।

चालु आवका लागि कूल १७ खर्ब ५१ अर्ब ३१ करोड २१ लाख रूपैयाँ बराबरको वार्षिक बजेट रहेकामा पुस मसान्तसम्ममा पाँच खर्ब ६६ अर्ब ६२ करोड १३ लाख रूपैयाँ खर्च भएको छ । यो वार्षिक लक्ष्यको ३२.३५ प्रतिशत बराबर हो । चालु खर्चतर्फ ३८.३१ प्रतिशत प्रगति हुँदा पुँजीगत खर्चतर्फको नतिजा निकै निराशाजनक देखिन्छ ।

पुँजीगत खर्च शीर्षकमा तीन खर्ब दुई अर्ब सात करोड ४४ लाख रूपैयाँ बराबर छुटयाइएकामा १६.३ प्रतिशत अर्थात् ४९ अर्ब २३ करोड ५८ लाख रूपैयाँ बराबर खर्च भएको छ । वित्तीय व्यवस्थामा तीन खर्ब सात अर्ब ४५ करोड ३६ लाख बराबर बजेट विनियोजन भएकामा २६.२ प्रतिशत अर्थात् ८० अर्ब ४३ लाख रूपैयाँ बराबर खर्च भएको छ । यो तथ्यांकले प्रधानमन्त्री र अर्थमन्त्रीको दैनिक भाषण विश्वासयोग्य भएको मान्न सकिन्न । त्यसैले अब भाषणमा होइन, व्यवहारमा काम देखाउन ढिला भइसकेकोतर्फ सरकारको ध्यान जाओस् ।

# गाईको शास्त्रीय मान्यता र महत्त्व



ऋकेश भण्डारी

हिन्दू परम्परामा गाईलाई सर्वदेवमयी, सर्वभूत समृद्धिदायिनी, सर्वलोक हितैषी, पुण्यस्वरूपा, भवसागरको तारिणी, कामधेनु तथा लक्ष्मी माता आदि शब्दहरूले सम्बोधन गर्ने गरिन्छ । हिन्दू धर्ममा पञ्चगव्य र पञ्चामृतको महत्त्व पनि उत्तिकै रहेको छ । पञ्चगव्य र पञ्चामृतको अभावमा कुनै पनि हिन्दू धार्मिक अनुष्ठान सम्पन्न हुँदैन । पञ्चगव्य र पञ्चामृत दुवै गाईबाट नै प्राप्त हुन्छन् । गोदान नगरिकन कुनै पनि धार्मिक कार्य सम्पन्न हुनै नसक्ने सनातन परम्परा छ ।

गौः संस्कृत शब्द हो । पाणिनीय व्याकरणअनुसार गो शब्दबाट प्रथमा विभक्तिको एकवचनमा गौः यस्तो रूप सिद्ध हुन्छ । गच्छतिइति गौस् अर्थात् जो चल्छ, जो गतिशील छ त्यही नै गौः हो । सम्पूर्ण विश्व गतिशील छ, समय पनि गतिशील नै छ । तसर्थ, गौः शब्दले धेरै अर्थ बुझाउँछ । यही गौः शब्दबाट प्राकृत हुँदै नेपालीमा गाई शब्द बन्दछ ।

गाईको महत्त्व अपौरुषेय ग्रन्थ वेदहरूले बताएका छन् । सनातनीहरूको मूल ग्रन्थ नै वेद हो । ऋग्वेदले आद्योपान्त गाईको विशेष चर्चा रहेको छ । त्यस्तै चारवटै वेदहरूले गाईको महत्त्व दर्शाएका छन् । *मयोभूर्वातो अभि ॥ (दशम मण्डल, सूक्त १६९ ॥१॥)* अर्थात् सबैलाई सुख दिने वायुदेव गाईतिर बहन्छन् । बल प्रदान गर्ने औषधि गाईले सेवन गरून् । श्रेष्ठ र प्राणलाई सन्तुष्ट प्रदान गर्ने जलको सेवन गरून् । हे रुद्रदेव ! दूधरूपी पोषक रस दिने गाईलाई सुख प्रदान गर ।

हिन्दू परम्परामा गाईलाई सर्वदेवमयी, सर्वभूत समृद्धिदायिनी, सर्वलोक हितैषी, पुण्यस्वरूपा, भवसागरको तारिणी, कामधेनु तथा लक्ष्मी माता आदि शब्दहरूले सम्बोधन गर्ने गरिन्छ । हिन्दू धर्ममा पञ्चगव्य र पञ्चामृतको महत्त्व पनि उत्तिकै रहेको छ । पञ्चगव्य र पञ्चामृतको अभावमा कुनै पनि हिन्दू धार्मिक अनुष्ठान सम्पन्न हुँदैन । पञ्चगव्य र पञ्चामृत दुवै गाईबाट नै प्राप्त हुन्छन् । गोदान नगरिकन कुनै पनि धार्मिक कार्य सम्पन्न हुनै नसक्ने सनातन परम्परा छ । गाईलाई ब्रह्माजीको पुत्रीका रूपमा स्वीकार गरिएको छ- नमोः ब्रह्मसुता । हाम्रो समाजमा पनि खाना खानुअघि गाईलाई गोग्रास दिएरमात्रै भोजन गर्ने चलन अद्यापि चलिरहेकै छ । खानामा गोरस नहुनु अर्थात् गाईको दूध, दही, घिउविना खाना खानु राम्रो होइन । खानामा सकेसम्म गोरस अनिवार्य रहनुपर्छ भन्ने हिन्दू नेपाली सामाजिक परम्परा छ ।

गाई र आमा एकै हुन् भन्ने सामाजिक भाष्य पनि रहेको छ । यसको कारणचाहिँ गाई र मनुष्यको प्रजनन समय बराबर रहनु हो । गोवंश अर्थात् गाईको परिवार साँढे (गोरू) लाई जगत्को पिता र गाईलाई जगतकी माता मानिन्छ । यिनीहरूको पूजा गर्नाले सम्पूर्ण पितृ तथा देवताको पूजा हुन जान्छ । गोबरको लेपनले भवन, मन्दिर, घर तथा सर्वत्र पवित्र हुन्छ । जन्मेदेखि मरणसम्मका क्रियाकलापहरूमा, जुठो-सुतकमा गाईको गोबर गहुँत आवश्यक पर्दछ ।

गाईले सुँघेरै मनुष्यको शरीरमा भएका रोगको पहिचान गर्ने र सो रोग निदानका लागि आवश्यक पर्ने जडीबुटी तथा घाँसहरूको सेवन गरेर त्यसलाई दूधका रूपमा दिने गर्छ । गाईबाट नै सबैले आफूलाई चाहिने जति चिज दुहेर लगेको प्रसंग भागवत्मा आउँछ । यसका साथै सपनामासमेत गाई देखिएमा शुभ हुने मान्यता पनि छ । गाईलाई एक जनावरभन्दा माथि राखेर पूजनको परम्परा पनि हिन्दू सभ्यतामा छ । कलियुगमा गोवध निषेधसँगै अन्य केही कुरा पनि निषेध गरिएको पाइन्छ ।

*अग्न्याधानं गवालम्भं संन्यासं पलपैतृकम् ।*
*देवराच्च सुतोत्पत्तिस् कलौ पञ्च विवर्जयेत् ॥*

अर्थात्, अग्निहोत्र कर्म, गोमेध याग, सन्यास, मासुको पीण्डदान, देवरबाट सन्तान उत्पत्ति गर्नेजस्ता पाँच कुरा कलियुगमा बर्जित छन् ।

प्राचीन कृषि र अर्थ व्यवस्थाको आधार स्तम्भका रूपमा गाईलाई मानिन्छ । परापूर्वकालमा गोधन नै सबैभन्दा ठूलो धन थियो । धेरै धनी व्यक्तिलाई संस्कृतमा गोपति भनिन्छ । प्राणको रक्षा गर्न, पापको नाश गर्न, मृत्युपश्चात् पनि आत्मालाई स्वर्गसम्म पुर्याउने वैतरणी नदी तार्न पनि गाई नै चाहिन्छ भन्ने कुरा गरुण पुराणमा स्पष्ट बताइएको छ । बृहत् पराशर स्मृतिमा गाईको शरीरमा देवीदेवता, ऋषिमुनिहरूको बासबारे वर्णन गर्दै भनिएको छ- गाईको सिङको मूलमा ब्रह्माजी, दुवै सिङको मध्यभागमा नारायण र शीर्ष भागमा महादेव रहनुहुन्छ, यसको अतिरिक्त सिङको अग्रभागमा चर-अचरसहितका सबै तीर्थस्थलहरू, ललाटको अग्रभागमा पार्वती, नाकको बीचमा कुमार कार्तिकेय, दुवै कानमा कम्बल र अस्तर नामक नाग, दाहिने र देब्रे आँखामा सूर्य र चन्द्र, दाँतमा अष्टवसु, जिब्रोमा वरूण, हुंकारमा भगवती सरस्वती, गण्डस्थल (गाला) का एकातिर यम र अर्कातिर यक्ष, रौंका प्वालहरू (रोमकुप)मा समस्त ऋषिगण, गोमुत्रमा गंगाजी, गोमय (गोबर)मा यमुना तथा लक्ष्मीसहित सबै देवता, पेटमा गार्हपत्य अग्नि, हृदयमा दक्षिणाग्नि, मुखमा आहवनीय अग्नि विद्यमान छ । कुक्षियहरूमा सभ्य र आवसथ्य नामका अग्निहरू बस्छन् । यसकारण ३३ कोटी देवी-देवताको बास गाईमा हुने हुँदा जसले गाईलाई स्नेह र आदर गर्छ । क्रोध देखाउने, पिट्ने आदि गर्दैन, उसलाई महान ऐश्वर्यसहित स्वर्गलोक प्राप्त हुन्छ भनिएको छ । (बृहत पराशर स्मृति)

गाईको विषयमा वेदलगायत पद्मपुराण, भविष्यपुराण, ब्रह्माण्डपुराण, स्कन्दपुराण तथा महाभारत आदिमा वर्णन गरिएका पाइन्छन् । पुराणहरूमा कपिला, सुरभि, नन्दिनी, कामधेनु, रोहिणी आदि गाईहरूको वर्णन गरिएको छ । गोसेवा, गोदान, वृषभ दानलाई धार्मिक कार्यको रूपमा र गोहत्या, गोपीडन तथा गोमांस भक्षणलाई महापापको रूपमा पुराणहरूमा वर्णन गरिएको पाइन्छ ।

महाभारत सूक्ति सुधामा मुकुन्दशरण उपाध्यायद्वारा अनुवाद गरिएका श्लोकहरूले पनि गाईको महत्त्वबारे स्पष्ट पारेका छन् ।

*भारी बोक्ने वयोवृद्ध, स्त्री, भलाद्मी र ब्राह्मण ।*
*गाई, राजा यतिऽ लाई बाटो छोड्नु छ उत्तम ॥*
*नहेर्नू घिन मानेर गोमूत्र, अनि गोबर ।*
*नखानू मांस गाईको लिनु गोपालको व्रत ॥*
*गाई, घिउ, दही, रायो, सर्स्यूं यी पञ्चमंगल ।*
*बिहानै जो सधैं छुन्छ त्यो मान्छे हुन्छ निर्मल ॥*
*(अनुशासन पर्व)*

अर्कोतर्फ हेर्ने हो भने हिन्दू धर्ममा गाईको महत्त्व उसको गुणको कारण पनि विशेष मानिएको पाइन्छ । वास्तवमा गाईको विभिन्न अध्यात्मिक, धार्मिक र चिकित्सकीय गुणका कारण पनि यसको महत्त्व रहेको छ । गाईको महिमा र गुण सम्बन्धित केही वैज्ञानिक, धार्मिक र व्यावहारिक पक्षबारे चर्चा गरौं ।

**वैज्ञानिक कारण**:- वैज्ञानिक अनुसन्धानअनुसार गाईमा एक प्रकारको सकारात्मक ऊर्जा रहेको हुन्छ जुन अन्य कुनै प्राणीमा पाइँदैन

- गाईको ढाडको हड्डी छेउमा रहेको सूर्यकेतु स्नायु हानिकारक विकिरणहरूलाई रोकेर वातावरणलाई स्वच्छ बनाउन मद्दत गर्दछ । पर्यावरणीय हिसाबले यो एकदमै लाभान्वित पशु रहेको पुष्टि हुन्छ ।
- गाईको ढाडको हड्डीनिर भएको सूर्यकेतु नाडी सर्वरोगनाशक, सर्वविषनाशक हुन्छ ।
- सूर्यकेतु नाडी सूर्यको सम्पर्कमा आउँदा त्यसबाट स्वर्णको उत्पादन हुन्छ । गाईको शरीरमा उत्पन्न हुने यो सुन गाईको दूध, गोबर र मुत्रमा घुलेर रहेको हुन्छ । त्यसैले गाईको सबैकुरा दूध, मुत्र र गोबरलाई महत्त्व दिएको हो ।
- गाईमात्र एउटा यस्तो प्राणी हो जसले वातावरणबाट अक्सिजन लिएर पुनः अक्सिजन नै छोड्ने गर्दछ । जबकि मनुष्यले अक्सिजन लिएर कार्बनडाइअक्साइड बाहिर फ्याँक्दछ ।
- घरेलु गाईको एक ग्राम गोबरमा कम्तीमा पनि ३०० करोड जीवाणु रहेको हुन्छ जुन बोटबिरुवा र जमिनलाई अत्यावश्यक हुन्छ । साथै यस जीवाणुले खराब जीवाणुलाई मार्ने काम पनि गर्दछ ।
- रुसमा गरिएको एक अनुसन्धानमा १० ग्राम घिउद्वारा हवन गर्दा करिब एक टन अक्सिजन सिर्जना भएको पाइएको छ ।

**व्यावहारिक कारण**:

- गाई एकमात्र यस्तो पशु हो जसको सबै थोक मनुष्य, धर्ती र अन्य प्राणीको सेवामा समर्पित रहेको हुन्छ
- गाईले आफ्नो जीवनकालमा धेरै जीवहरूलाई भोजनको व्यवस्था मिलाउने गर्दछ ।
- गाईको दूध, मुत्र र गोबरका साथै दूधको प्रकार जस्तैः दही, घिउ, नौनी आदि सबै मनुष्यको भोजनको एउटा महत्त्वपूर्ण आधार हो ।
- गाईको गोबरबाट इन्धन (गुइठा), मल बनाएर प्रयोग गर्नुका साथै गोबरबाट कीटाणु मार्न र लामखुट्टे र झिँगा आदि भगाउन प्रयोग गरिन्छ ।

**धार्मिक कारण**:

- हिन्दू परम्परामा कुनै पनि धार्मिक कर्म र अनुष्ठान गर्दा सबैभन्दा पहिले गौ दान गर्नु पर्दछ गौ दान गर्नाले अकर्म र पाप नष्ट हुने, पुण्य प्राप्त हुने र शुद्ध भइने धार्मिक मान्यता छ ।
- भगवान् शिवको प्रिय 'बेलपत्र'को उत्पत्ति गाईको गोबरबाट भएको हो भन्ने पाइन्छ ।
- पञ्चामृतमा गाईको दूध, दही, घिउ प्रयोग गरिन्छ ।
- धार्मिक हवन र यज्ञमा केवल गाईको घिउ अनिवार्य चाहिन्छ ।
- स्वर्गबाट कामधेनु गाई ल्याइएको हो प्रसंग शास्त्रहरूमा पाइन्छ । त्यसैले यसलाई पवित्र मानिन्छ ।
- मृत्युपछि गरुढ पुराणअनुसार वैतरणीनदी तर्न गाई दाननै गरेको हुनुपर्दछ ।
- स्वयं भगवान् श्रीकृष्णले गाई चरण गराउने गरेका र उनले गौशाला र गाईको पूजा गर्न लगाएको कारण पनि गाईको महत्त्व धेरै भएको बुझिन्छ ।
- गाईलाई लक्ष्मीमाताको प्रतिबिम्बका रूपमा पनि पुज्ने गरिन्छ ।
- गाईको हत्या गर्नु भनेको हिन्दू धर्ममा सबैभन्दा बढी पाप गर्नु हो भन्ने रहेको छ ।
- भगवान् कृष्णले श्रीमद्भगवद्गीतामा भनेका छन्- 'धेनुनामस्मि कामधेनु' अर्थात् म नै गाईमध्येको कामधेनु हुँ । यस्तै श्रीमद्भागवतमा पनि कृष्णले गोसेवा गरेको प्रसंग धेरै नै आउँछ ।

गाईमाता सबैमा व्याप्त छिन् । यिनी सबै जीवहरूकी आमा हुन् । त्यसैले हामी हाम्रो महत्त्व बुझेर गाईको संरक्षण गर्नुपर्छ । त्यसमै हाम्रो कल्याण हुने छ ।

## मनन्योग्य

### विदुर नीति

त्यसपछि विराटनगरबाट युधिष्ठिर र श्रीकृष्णको सन्देश लिएर आएका सञ्जयले आउँदाआउँदै सोझै धृतराष्ट्रकहा गएर भने। कि "पाण्डवहरू धर्मपूर्वक ने आफ्नो राज्य फिती चाहन्छन्। यदि उनीहरूलाई उचित भाग दिइएन भने संसारभरि नै अनर्थ हुनेछ। यात्राका कारण अहिले म (सञ्जय) थाकेको छु। विशेष कुराहरू भोलिको जमघट (सभा) मा नैं भन्नेछु' सञ्जयका यी भनाइले राजा धृतराष्ट्र ज्यादै नै विचलित हुन पुगे मनमनै विचार गर्न थाले कि भोलि सभामा सञ्जयले सबैको सामुन्नेमा के-के भन्ने हुन्। यस किसिमको विषम मानसिक उल्झनमा परी निद्रा नलागिरहेको अवस्थामा उनले विदुरलाई बोलाए। आफ्नो मनोव्यथा भन्दै विदुरको सम्मति र सुझाव मागे। संकटापन्न समयमा महात्मा विदुरले धृतराष्ट्रलाई महत्त्वपूर्ण ज्ञान र नीतिका कुराहरू भने यी कुराहरूलाई विदुरनीति भनिन्छ। धृतराष्ट्रले विदुरलाई 'महाप्राज', 'महाबुद्धे', 'धर्मार्थ कुशल' भनी गर्ने गरेको सम्बोधनले पनि विदुरको ज्यादै सम्मानित व्यक्तित्व थियो भन्ने स्पष्ट हुन्छ।

अनेक गुण सम्पन्न विदुरले धृतराष्ट्रलाई नीतिगत उपदेश मात्र गरेनन्। उनले त कुरु राजघरानामा बेलाबखत देखापर्ने जटिल समस्याहरू समेतलाई समाधान गर्ने गरेका थिए। पाण्डुका पाँचवटै छोरा पाण्डु वन निवास गर्दै गरेको समयमा जन्मिएका थिए। त्यतिबेला सबैलाई थाहा थियो कि आपका (या रोगको कारणले) राजा पाण्डु सन्तान उत्पत्ति गराउन सक्षम छैनन्। यस्तो स्थितिमा जन्मेका पाण्डुपुरहरूलाई राजपरिवारको सदस्य, पाण्टुका सन्तान हुन् भनी स्वीकार गराउनलाई पनि ज्यादै सुझबुझ लगाउनुपर थियो। यस्तो अवस्थामा पनि पाण्डुपुत्रहरूलाई 'राजपुर पाण्डव' र दुर्योधनाधिलाई कौरव भन्ने स्वीकार गराउनमा पर्दाका पछाडि विदुरको महत्त्वपूर्ण भूमिका रह्यो। यति मात्र होइन, पाण्डुपुत्रहरूलाई परिश्रमी र लगनशी रूपमा तयार गराएर आर्यावर्तका सर्वश्रेष्ठ व्यक्ति हुन् भन्ने पनि सिद्ध छाडेका थिए ।

युधिष्ठरलाई युवराज बनाउनमा पनि विदुरले महत्त्वपूर्ण भूमिका खेलेका थिए। जब वारणावतको लाक्षागृहमा कुन्तीसहित पाण्डुपुत्रहरूलाई हत्या गर्ने षड्यन्त्र गरियो त्यसबाट पाण्डवहरूलाई बचाउन विदुरले नै अहम् कार्य गर्नुपरेको थियो। द्रौपदीको स्वयम्बरपश्चात् विदुरले नै कुलवधू द्रौपदीसहित पाँच पाण्डव र कुन्तीलाई हस्तिनापुरमा आफ्नो साथ ल्याएका थिए । क्रमशः

## पत्र-मञ्जुषा

# दलालीको चक्रमा सरकार, ज्यान गुमाउँदै सर्वसाधारण !

घूस खुवाएर सवारीचालक अनुमतिपत्र 'लाइसेन्स' लिने कार्य अहिले पनि जारी छ। सरकारी कर्मचारी र विचौलियालाई ४५ हजारदेखि एक लाख रूपैयाँसम्म घूस खुवाएर लाइसेन्स निकाल्ने गरिएको छ । त्यति रकम दिएमा लाइसेन्स घरमै आइपुग्छ । लिखित, मौखिक, ट्रायल दिनैपर्दैन ।

लाइसेन्स बिक्री भइरहेको छ । तर, सरोकारवाला निकायको ध्यान जान सकेको छैन । गैरकानुनी बाटोबाट जानेहरूको घरमै लाइसेन्स पुग्छ भने कानुनी बाटोबाट लाइसेन्स खोज्नेहरू तीन वर्षदेखि कुरेको कुर्यै छन् । लिखित, मौखिक र ट्रायल पास गरेर लाइसेन्सका लागि राजस्व तिरिसकेकाहरू अझै पनि लाइनमै छन् ।

यातायात व्यवस्था कार्यालयहरूमा दलालीको बिगबिगी छ । होटल व्यवसायी, स्टेसनरी पसले, फोटोकपी पसलेलगायतले दलालीको भूमिका खेलेका छन्। उनीहरूले नै लाइसेन्स खरिद बिक्रीको काम गर्दै आएका छन् । यातायातमा खटिएका सुरक्षाकर्मीहरू पनि पैसा लिएर लाइसेन्स बेच्नमा माहिर छन् ।

आमसर्वसाधारण वर्षौंदेखि लाइसेन्सको पछाडि दौडेको दोडचै छन् । तर, उच्च पदस्थहरू आफ्ना आफन्त र राजनीतिक दलहरू आफ्नो कार्यकर्ताको लाइसेन्स निकाल्नमै व्यस्त छन् । राजनीतिक दलका कार्यकर्ता भन्नेबित्तिकै लाइसेन्स दिन परिहाल्यो । यातायात व्यवस्था विभागका महानिर्देशकले हरियो रसिदमा हस्ताक्षर गरेको सातामै लाइसेन्स आइहाल्छ ।

सोझासीधाको रसिदमा महानिर्देशकले त्यतिकै हस्ताक्षर गर्दैनन् । कि त मन्त्रीकै पावर लगाउनुपर्‍यो, कि महानिर्देशकको नातेदार हुनुपर्‍यो कि पैसा खुवाउन सक्नुपर्‍यो । यातायातका कर्मचारीको धन्दा नै पैसा कमाउने मात्र हो । कार्यालयमा उपस्थित भएपछि कसको लाइसेन्स मिलाउनु छ ? कहाँबाट पैसा आउँछ ? भनेर उनीहरू लागिपर्छन् ।

सरकारले २० वर्ष कटेका सवारीसाधन विस्थापना गर्ने नीति लिएको छ । विभागकै अगाडिबाट आयु पुगेका गाडीहरू निर्वाध रूपमा हुइँकिरहेको हुन्छ । यद्यपि, विभागका कर्मचारीले कारबाही गर्दैनन् । उनीहरू देखे पनि नदेखेझैं गरिदिन्छन् । किनकि ऐनकानुन पालना गराउनु उनीहरूको दायित्व होइन, घूस खानुमात्र हो ।

सार्वजनिक यातायातले मनलाग्दी भाडा लिने गरेका छन् । ढोकैसम्म यात्रु कोचेर हुइँक्याउँछन् । विभागको अनुगमन टोली कहाँ छ ? न बढी भाडा लिने सार्वजनिक यातायातलाई कारबाही गर्छ न सिटभन्दा बढी यात्रु हाल्नेलाई ।

सार्वजनिक यातायातमा ३५ देखि ५० जनासम्म चढेका हुन्छन् । चालकको लापरवाहीको कारण एकै ठाउँमा झण्डै तीन दर्जनले ज्यान गुमाएको घटनासम्म छ । जनताको ज्यानसँग सरकारले खेलाँची गरिरहेको छ । कलिलै उमेरकाले यहाँ हेभी लोडका सवारीसाधन हाँकिरहेको देखिन्छ । जोसमा होस गुमाउँदा उनीहरूले कसैको ज्यान लिइरहेका छन् । सरकारले २१ वर्ष कटेकालाई मात्र लाइसेन्स दिने र ६५ वर्ष पुगेपछि सार्वजनिक यातायात चलाउन नपाउने व्यवस्था गर्न ढिलाइ भइसकेको छ ।

सार्वजनिक यातायात प्रत्यक्ष सर्वसाधारणसँग जोडिएको छ । सानो गल्ती भयो भने ठूलो क्षति व्यहोर्नुपर्छ । त्यसैले यसमा सचेत हुन निकै नै आवश्यक छ । दुर्घटना हुनुमा प्रमुख तीन कारण छ । पहिलोः चालकको लापरवाही, दोस्रोः कण्डिसन ठीक नभएको गाडी चलाउनु र २० वर्ष कटेका गाडी गुडाउनु, तेस्रोः सिटभन्दा बढी यात्रु र गाडीले धान्न नसक्नेगरी सामान हाल्नु ।

गाडी दुर्घटनामा परेर ज्यान गुमाउने क्रम जारी नै छ । सवारी दुर्घटनामा परेर मरेका घटनाहरू दिनहुँ बाहिर आइरहेका छन् । तैपनि सरकारको चेत खुल्दैन । वास्तवमा भन्ने हो भने सरकारले नै आमसर्वसाधारणको बाँच्ने अधिकार खोसेको छ । कोही पनि मर्न मन लागेर गाडी चढेको त होइन होलान् ?

तर, सरकारको लापरवाही र यातायात व्यवसायीले आफ्नो फाइदा मात्र हेर्दा आमसर्वसाधारणले अकालमा ज्यान गुमाउनुपरेको छ । गाडी दुर्घटनामा परेर बर्सेनि हजारौंले ज्यान गुमाउँछन् । त्यसको जिम्मेवारी कसले लिने ? सरकार यसमा जिम्मेवार बन्नु पर्दैन ? लाइसेन्स बेच्ने, थोत्रा गाडी चलाउन दिने अनि आफ्नो गैरजिम्मेवारीपन पनि नस्वीकार्ने ?

सर्वसाधारणले पैसा तिरेर गाडी चढेका हुन् । अहिले मर्न रहर लागेर गाडी चढेजस्तो अवस्था बनेको छ । भर्खरै जन्मेको शिशुदेखि युवाहरूले गाडी दुर्घटनामा ज्यान गुमाइरहेका छन् ।

२०४९ सालको यातायात ऐन र २०५४ सालको यातायात नियमावली अहिलेसम्म संशोधन भएको छैन । यातायात क्षेत्रमा अहिले पनि सिण्डिकेट छ । सरकार अझै पनि निरीह भएर हेरिरहने कि 'एक्सन' मा जाने । यातायात क्षेत्रमा सरकारको अधीनमा छ कि यातायात व्यवसायीको ? केही नै नगर्ने हो भने यातायात मन्त्रालय, विभाग किन चाहियो ? आखिरी दादागिरी त यातायात व्यवसायीकै छ !

*– अनुसा थापा, भक्तपुर*

### जानकारी

**अब यस दैनिकले हरेक दिन पत्र–मञ्जुषा स्तम्भ सुरू गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

# नारायणगढ–मुग्लिन सडकखण्डका तीन पुल सञ्चालनमा

**भरतपुर (चितवन)**– नारायणगढ-मुग्लिन सडकखण्डका तीन पुल सञ्चालनमा आएका छन् । रिग्दी, खोर र भोर्ले खोलामा निर्माण सम्पन्न भएका पुल मंगलबारदेखि सञ्चालनमा आएका हुन् । यससँगै तीनवटै पुल भएर गाडी गुड्न थालेको नागढुंगा-मुग्लिन सडक आयोजना पश्चिम खण्ड (नारायणगढ-मुग्लिन) का सूचना अधिकारी इञ्जिनियर कृष्ण आचार्यले जानकारी दिए । उनले पुलमा एक तह कालोपत्रको काम बाँकी रहे पनि गाडी गुड्न थालेको बताए ।

आचार्यका अनुसार सडकखण्डका १२ पुल सञ्चालनमा आइसकेका छन् । १९ पुलमध्ये पहिलो चरणमा चार पुल निर्माण भएका हुन् । पछिल्लो प्याकेजका १५ पुलमध्ये आठवटा पुल निर्माण सम्पन्न भएका छन् । थप चार पुल दुई महिनाभित्र निर्माण सम्पन्न हुने आचार्यले जानकारी दिए । सडकखण्डको भरतपुर महानगरपालिकामा रहेका सबै पुल चैतभित्र निर्माण सम्पन्न हुने छन् । यो प्याकेजको अन्तिम म्याद चैत मसान्तसम्म रहेको आयोजना इञ्जिनियर विजय दराईले जानकारी दिए । आठ पुलमध्ये तीन पुल निर्माणको काम बाँकी छ । जुगेडी, खहरे र सिमलतालको पुल दुई महिनाभित्र निर्माण सम्पन्न हुने दराईले बताए ।

इच्छाकामनातर्फको पुल निर्माणका लागि एक वर्षको म्याद छ । सात पुलमध्ये दुई पुल सञ्चालनमा आइसकेका छन् । दुई पुलबाहेक सबै असारसम्ममा निर्माण सम्पन्न हुनेगरी काम भइरहेको दराईले बताए । खहरे खोलाको पुल निर्माणको काम भइरहेको छ भने तुइन खोलामा अहिले पुल निर्माणका लागि दिउँसोको समयमा सडक बन्द गरेर पहाड फोर्ने काम भइरहेको छ । अहिलेसम्म १५ मिटर पहाड काटिसकिएको छ । थपिएको समयमा अधिकांश काम सक्नेगरी काम भइरहेको आयोजनाले जनाएको छ । *रासस*

# थारु संस्कृति जगेर्ना गर्न संग्रहालय बनाइने

खजुरा (बाँके)- बाँके, बर्दिया, दाङ, कैलाली र कञ्चनपुर जिल्लामा माघी पर्वका अवसरमा नाचगान, विभिन्न मनोरञ्जनात्मक कार्याक्रम, झाँकीलगायतका कार्यक्रम भइरहेका छन् । सोही अवसरमा सोमबार 'माघी मिलन कार्यक्रम-२०८०' गरिएको छ । थारु सांस्कृतिक संरक्षण तथा पर्यापर्यटकीय केन्द्र बैजनाथ-५ छमनियाँ बाँकेद्वारा आयोजित कार्यक्रममा थारु संस्कृतिलाई जगेर्ना गर्नमा जोड दिइएको छ ।

कार्यक्रममा बैजनाथ गाउँपालिका अध्यक्ष प्रकाशबहादुर शाहीले गाउँपालिकाले थारु समुदायको हक अधिकारका लागि प्रतिबद्धता रहेको जनाउँदै स्वर्गीय बैजनाथ थारुको सम्मानार्थ गाउँपालिकाले थारु संग्रहालय निर्माण गर्ने बताए । अध्यक्ष शाहीले आफ्नो कार्यकालभित्रै गाउँपालिकामा संग्रहालय निर्माण गरेर त्यहाँ थारु कला, संस्कृतिका साथै स्वर्गीय बैजनाथ थारुको जीवनीबारे जानकारीमूलक सामग्री राखिने जानकारी दिए । उनले भने, 'थारु संग्रहालय निर्माण गर्नका लागि मैले जुन कुराको प्रतिबद्धता गरेको छु, त्यो म आफ्नो कार्यकालभित्र पूरा गर्छु ।'

नागरिक उन्मुक्ति पार्टीका जिल्ला संयोजक चन्तराम थारुले मुलुकमा प्रजातन्त्र र लोकतन्त्र प्राप्तिको लडाइँमा थारु समुदायको योगदान रहेको चर्चा गर्दै नयाँ वर्षका रूपमा रहेको माघी पर्व थारु समुदायको पौराणिक संस्कृतिसँग जोडिएको विशेष पर्व भएको औंल्याए । थारु कल्याणकारिणीसभा बाँकेका अध्यक्ष विनोद थारुले माघी पर्व सद्भावसँग जोडिएको विशेष पर्व भएको बताए ।

'बहुसांस्कृतिक र बहुधार्मिक विविधता भएको देशमा थारु हसमुदायको माघी पर्वको छुट्टै खालको विशेषता छ,' उनले भने, 'आजकै दिनदेखि हाम्रो नयाँ वर्ष सुरु हुन्छ, यो दिनमा हामी नयाँ कामको थालनी गर्छौं ।' दुई दिनसम्म चल्ने कार्यक्रममा बैजनाथका ३१ गाउँका बड्घरद्वारा थारु मौलिक नाच प्रस्तुत गरिने आयोजकले जनाएको छ । *रासस*

नेपाल सरकार
भुमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
भुमि व्यवस्थापन तथा अभिलेख विभाग
**भुमि सुधार तथा मालपोत कार्यालय,**
**सर्लाही मलंगवा, मोही फांट**

**३५ दिने सार्वजनिक सूचना**

जिल्ला सर्लाही साविक हजारीया गा.वि.स. वार्ड नं. ३ हाल बरहथवा न.पा. वार्ड नं १ मा बस्ने लाल बहादुर पाखिनलाई हकदावी गर्न आउने बारेको सूचना ।

उपरोक्त सम्बन्धमा जिल्ला सर्लाही साविक हजारीया गा.वि.स. वार्ड नं. ४ हाल बरहथवा न.पा वार्ड नं. १ मा बस्ने शिकिन्दर सहनी नाममा दर्ता कायम रहेको जि.स.गा.वि. हजारीया वार्ड न. ३(ख) कि.नं. १६४६ को ज. वि. ०-४-१० जग्गाको मोही महलमा जिल्ला सर्लाही साविक हजारीया गा.वि.स. वार्ड नं. ३ हाल बरहथवा न.पा. वार्ड नं. १ मा वस्ने लाल वहादुर पाखिन को नाम उल्लेख रहेकोमा जग्गा धनीले भगुवा मोही लगत कट्टा गरि पाउँ भन्ने निवेदनमा मिति २०८०/९/१३ गतेको आदेशानुसार मोही दावी सम्बन्धी ३५ दिने सूचना जारी गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ दिन भित्र आफू वा ऐन बमोजिमको वारेस प्रमाण सहित पठाउनु होला । नआएमा वा म्याद गुजारी बसेमा कानुन बमोजिम भगुवा मोही लगत कट्टा तर्फको कार्यवाही भै जाने यसै सूचनाद्वारा जान गराईन्छ । पछि तपाईंको उजुर बाजुर लाग्ने छैन ।

**निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

(सूचना प्रकाशित मिति २०८०/१०/०३ गते)

काशीनाथ पोखरेल र तुलसा माया पोखरेलको छोरी, रुद्र प्रसाद भट्टको श्रीमति गोरखा जिल्ला, भिमसेनथापा गाँउपालिका वडा नं ०२ बस्ने नन्द कुमारी भट्टको मिति २०८०/०७/१५ मा मृत्यु भएकोले निजको नाममा यस बैंकको दमौली शाखा मा रहेको खाता नं ०१४०१९६३०९१००००१ मा रहेको मौज्दात रकम भुक्तानी पाऊँ भनी निज खातावालाको छोरी सर्मिला भट्ट दानीले यस बैंकको दमौली शाखामा दावी गर्नुभएको हुँदा, उक्त निक्षेप उपर दावीकर्ता बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५(पैंतिस) दिन भित्रमा आफ्नो हक लाग्ने व्यहोरा प्रमाणित हुने सक्कलै सवुत प्रमाण कागजसहित यस बैंकको शाखा कार्यालय दमौलीमा हकदावी गर्न आउनु होला । म्यादभित्र कसैको हकदावी नपरेमा वा रीत नपुगी परेको दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा समेत यसै सूचना मार्फत् जानकारी गराउँदछौं ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि
**शाखा कार्यालय दमौली, तनहुँ फोन नं. ०६५-५६४५०३**

## युएई/साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AGILITY ENGINEERING & CONTRACTING COMPANY LLC
पूर्व स्वीकृति मिति : २०८०/०९/२९ LT. No. 297987 चलानी नं. ६०२१२९४०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 21 | 0 | 1100 | ३९,७७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Labour | 53 | 0 | 800 | २८,९२५ | | | | | | | |
| 3 | Mason | 10 | 0 | 1100 | ३९,७७५ | | | | | | | |
| 4 | Pipe Fitter | 3 | 0 | 1100 | ३९,७७५ | | | | | | | |
| 5 | Scaffolder | 27 | 0 | 1100 | ३९,७७५ | | | | | | | |
| 6 | Steel Fixer | 51 | 0 | 1100 | ३९,७७५ | | | | | | | |

कम्पनी : AL KHAIR POULTRY SOLUTIONS COMPANY
पूर्व स्वीकृति मिति : २०८०/१०/०२ LT. No. 297892 चलानी नं. ६०२१३०४४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 2 | 0 | 1000 | ३५,४१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Truck Driver | 1 | 0 | 1800 | ६३,७४५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०८० माघ १० गते (24th Jan. 2024) मा हुनेछ ।

